# नेपाल राष्ट्र बैंक

## वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि (संशोधन सहित), २०६९

**प्रस्तावना**

रोजगारीका लागि मुलुक बाहिर गएका वा विदेशमा रोजगारी गरी फर्केका नेपाली नागरिकहरु तथा विदेशमा बसोबास गर्ने गैर-आवासीय नेपालीहरुले आर्जन गरेको विदेशी मुद्रालाई बैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउने तथा उनीहरुलाई आफूले आर्जन गरेको रकम विदेशमै बसी वा स्वदेशमा आई बचतपत्रमा लगानी गर्ने उपयुक्त अवसर प्राप्त होस् भन्ने उद्देश्यले राष्ट्रऋण नियमावली, २०६१ को नियम १८ को उपनियम (१) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी खुला बजार सञ्चालन समितिको सिफारिशमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी "वैदेशिक रोजगार बचतपत्र" को निष्काशन गरी राष्ट्र ऋण उठाउने प्रयोजनको लागि यो कार्यविधि बनाई जारी गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि २०६९" रहेको छ ।

१.२ यो कार्यविधि मिति २०६९/२/१४ देखि जारी भई सोही मितिदेखि प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

२.२ "विभाग" भन्नाले नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२.३ "समिति" भन्नाले राष्ट्रऋण नियमावली, २०६१ को नियम १७ को उपनियम १ बमोजिम गठन भएको खुला बजार सञ्चालन समिति सम्झनु पर्छ ।

२.४ "बचतपत्र" भन्नाले वैदेशिक रोजगार बचतपत्र सम्झनु पर्छ ।

२.५ "बजार निर्माता" भन्नाले बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न विभागबाट इजाजतपत्र प्राप्त नेपाल भित्रका बैंक तथा वित्तीय संस्थाहरु सम्झनु पर्छ ।

२.६ "बिक्री एजेण्ट" भन्नाले विभागबाट वैदेशिक रोजगार बचतपत्र बिक्री वितरण गर्नको लागि विप्रेषण कार्यमा संलग्न इजाजतपत्र प्राप्त संथा (मनि ट्रान्सफर कम्पनी) सम्झनु पर्छ ।

२.७ "मुलुकबाहिर" भन्नाले नेपाल बाहिरका सबै विदेशी मुलुकहरु सम्झनु पर्छ ।

२.८ "विदेशमा काम गर्ने" भन्नाले मुलुकबाहिर रोजगारीको लागि गएका वा रोजगारीबाट फर्केका नेपाली नागरिकहरु तथा गैर-आवासीय नेपालीहरुलाई सम्झनु पर्छ ।

२.९ "आवेदनकर्ता" भन्नाले वैदेशिक रोजगार बचतपत्र खरिद गर्नको लागि निवेदन दिने मुलुक बाहिर रोजगारीमा संलग्न तथा रोजगारीबाट फर्केका नेपाली नागरिक र गैर-आवासीय नेपाली सम्झनु पर्छ ।

२.१० "परिवारका सदस्य" भन्नाले आवेदकको बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा र छोरी सम्झनु पर्छ ।

२.११ "नाबालक" भन्नाले १६ वर्ष मुनिका छोरा/छोरी सम्झनु पर्छ ।

२.१२ “स्टक प्रमाणपत्र” भन्नाले बैंकको खातामा दर्ता रहने र दर्ता गराई नामसारी गर्नु पर्ने बचतपत्र सम्झनु पर्छ ।

२.१३ “प्रमिसरी नोट प्रमाणपत्र” भन्नाले घरायसी दरपीठ गरी नामसारी गर्न सकिने बचतपत्र सम्झनु पर्छ ।

२.१४ “संरक्षक” भन्नाले नाबालकको बुवा, आमा र सम्बन्धित व्यक्ति (नाबालक वा अपाङ्ग) को नेपाल सरकार, जिल्ला प्रकाशन कार्यालयबाट प्रमाणित भएको व्यक्ति सम्झनु पर्छ ।

## ३. उद्देश्य

बचतपत्र निष्कासनको प्रमुख उद्देश्य रोजगारीको लागि मुलुकबाहिर गएका वा रोजगारीबाट फर्केका नेपाली नागरिकहरु तथा विदेशमा बसोबास गर्ने गैर-आवासीय नेपालीहरुले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माधयमबाट स्वदेशमा भित्र्याउने तथा ऋणपत्रमा लगानी गर्न प्रोत्साहन गरी राष्ट्र निर्माणका लागि पूँजी परिचालन गर्ने रहेको छ ।

## ४. बचतपत्रको प्रकृति तथा विशेषता

४.१ बचतपत्र नेपाली रुपैयाँमा जारी हुनेछ । बचतपत्रको किसिम स्टक र प्रमिसरी नोट दुवै हुन सक्नेछ । बचतपत्र खरिदकर्ताले बचतपत्रको किसिम स्टक वा प्रमिसरी नोट कुन किसिमको खरिद गर्ने हो, सो स्पष्ट खुलाई आवेदन दिनु पर्नेछ । आवेदन फारममा उल्लेख भएको बचतपत्रको किसिम अनुसार प्रमाणपत्र दिइनेछ । यदि आवेदन फाराममा बचतपत्रको किसिम नखुलाएको भएमा बचतकर्तालाई प्रमिसरी नोटको प्रमाणपत्र दिइनेछ । बचतपत्रको आवेदन फारम र प्रमाणपत्रको ढाँचा (साँवा तथा ब्याज भुक्तानी पूर्जा) बैंकले निर्धारण गरेबमोजिम हुनेछ ।

४.२ बचतपत्र खरीदकर्ताले आफ्नो नाममा वा परिवारका सदस्यहरुका नाममा खरीद गर्न सक्नेछन् ।

४.३ बचतपत्र दुई वा दुईभन्दा बढी व्यक्तिले संयुक्त नाममा पनि खरीद गर्न सक्नेछन् । यसरी दुई वा दुईभन्दा बढी व्यक्तिले बचतपत्र खरीद गर्दा दुई नामको बीचमा “र” अथवा “वा” राखी खरीद गर्न सकिनेछ । दुई जनाले “र” बाट बचतपत्र खरीद गर्दा दुवै व्यक्तिले संयुक्त रुपमा मात्र उक्त बचतपत्रको कारोबार गर्न सक्नेछन् भने “वा” बाट बचतपत्र खरीद गर्दा दुईजनामध्ये एक जना व्यक्तिले मात्र पनि बचतपत्रको कारोबार गर्न सक्नेछन् । यसरी दुई व्यक्तिले खरीद गर्दा दरखास्त फाराममा दुवै जनाको दस्तखत र आवश्यक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४.४ बचतपत्र खरीद गर्न योग्य व्यक्तिले नाबालकको तर्फबाट समेत संरक्षक भई बचतपत्र खरीद गर्न सक्नेछन् । यसरी बचतपत्र खरीद गर्दा संरक्षकले यस कार्यविधिको बुँदा नं.७ मा उल्लेख भए अनुसारका कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै, आवेदन फारममा संरक्षकले हस्ताक्षर समेत गरेको हुनु पर्नेछ ।

४.५ बचतपत्र घटीमा दश हजार रुपैयाँ र बढीमा सो रकमले भाग गर्दा निःशेष हुने अंकमा कुल निष्काशित रकममा नबढाई खरीद गर्नु पर्ने तथा विप्रेषणवापत् पठाएको रकमले खामेसम्म मात्र यो बचतपत्र खरीद गर्न सकिनेछ । खरीदकर्ताले माग गरेमा निजको आवश्यकतानुसार एक वा सो भन्दा बढी प्रमाणपत्र जारी गर्न सकिनेछ ।

४.६ बचतपत्र खरीद गर्ने आवेदनकर्ताले निजको नाममा बाँडफाँट भएको रकममा, रकम जम्मा गरेको मितिदेखि नै ब्याज आर्जन गर्नेछन् ।

४.७ बचतपत्रको धितोमा नेपालस्थित् बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन पाइनेछ ।

४.८ बचतपत्र भुक्तानी अवधिअगावै पनि दोस्रो बजारमार्फत् बिक्री गर्न सकिनेछ । बचतपत्र खरीद बिक्रीको दोस्रो बजार कारोबार प्रचलित व्यवस्थाअनुसार बजार निर्मातामार्फत् गर्न सकिनेछ । यसरी बिक्री गर्दा साविक बचतकर्ताले बचतपत्रको हक छाडी दिने महलमा दस्तखत गरी बिक्री गरेको दिनको अघिल्लो दिनसम्मको ब्याज हिसाव गरी लिनु पर्नेछ । खरीदकर्ताले रकम बुझाएको मिति, नाम ठेगाना र परिचयको स्रोत उल्लेख गरी नयाँ बचतकर्ता भन्ने महलमा दस्तखत गरी आफ्नो हक सुरक्षित गर्नु पर्नेछ । साथै, त्यस्तो नयाँ बचतपत्र धनीले दरपीठ गरी लिएको बचतपत्र बैंकको अभिलेखमा आफ्नो नाममा दर्ता गर्न चाहेको अवस्थामा नियमानुसार दस्तुर तिरी रीतपूर्वक निवेदन दिएमा नयाँ दर्ता गरिने व्यवस्था मिलाइने छ ।

४.९ बचतपत्रको भुक्तानी अवधि, बिक्री खुला अवधि र भुक्तानी मिति समितिको सिफारिशमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भएबमोजिम हुनेछ ।

## ५. ब्याज तथा साँवा भुक्तानी

बचतपत्रमा अंकित ब्याज अर्धवार्षिक रुपमा बैंकको बैंकिङ्ग कार्यालय, बैंकका जिल्लास्थित कार्यालयहरु, इजाजतपत्र प्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्था वा बजार निर्मातामार्फत् भुक्तानी लिन सकिनेछ । साथै, बचतपत्रको भुक्तानी म्याद समाप्त हुने मितिमा बचतपत्रमा अन्तिम दस्तखत भई हक कायम भएको व्यक्तिले बचतपत्रको साँवा रकमको भुक्तानीसमेत माथि उल्लेखित वित्तीय संस्थाहरुमार्फत् लिन सकिनेछ ।

## ६. आवेदनकर्ताको योग्यता

बचतपत्र खरीद गर्नको लाग मुलुकबाहिर रोजगारीमा संलग्न वा रोजगारीबाट फर्केको बढीमा ६ (छ) महिना नपुगेका नेपाली नागरिकहरु वा गैर-आवासीय नेपाली हुनु पर्नेछ ।

## ७. आवेदनकर्ताले बचतपत्र खरीद गर्नको लागि आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा आवेदन फाराममा उल्लेख हुनुपर्ने कुराहरु

बचतपत्र खरीद गर्न चाहने आवेदनकर्ताले, बैंकको वेबसाइट तथा बिक्री एजेण्टमार्फत निःशुल्क रुपमा प्राप्त हुने आवेदन फारम दुई प्रति भरी देहायबमोजिमका अन्य आवश्यक कागजातहरुको प्रतिलिपि सहित बिक्री एजेण्ट समक्ष पेश गर्नु पर्नेछ ।

७.१ आवेदनकर्ताको राहदानी, आफू कार्यरत रहेको मुलुकको भिसा (भारत बाहेक अन्य मुलुकहरुमा कार्यरत कामदारका लागि मात्र), कार्यरत कम्पनीको आधिकारिक परिचय पत्र (म्याद ननाघेको) र दुई प्रति पासपोर्ट साइजको फोटो ।

७.२ बचतपत्र खरीद प्रयोजनका लागि आफूले आर्जन गरेको विदेशी मुद्रा औपचारिक माध्यमबाट नेपालमा भित्र्याएको प्रमाणित हुने कागजात । जस्तैः विदेशी मुद्रा सटही रसिद वा विदेशी मुद्रामा खाता रहेको भए सो खातामा विदेशी मुद्रा जम्मा गरेको भौचर वा बैंकको स्टेटेमेण्ट ।

७.३ परिवारका सदस्यको नाममा खरीद गर्ने भए सो सदस्यको नागरिकता, नाता प्रमाणित प्रमाणपत्र तथा विदेशी मुद्रा सटही गरेको रसिद ।

७.४ परिवारका सदस्यबाहेक अन्य व्यक्तिसँग संयुक्त नाममा बचतपत्र खरीद गर्ने हो भने त्यस्ता व्यक्तिको परिचय खुल्ने कागजात, नागरिकता लगायत उपदफा ७.१ र ७.२ मा उल्लेख भएका कागजातहरु ।

७.५ नाबालकको तर्फबाट संरक्षक भई खरिद गर्न चाहने व्यक्तिले बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्ममिति खुलेको जन्मदर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ । साथै, आवेदन फारममा संरक्षकले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

७.६ बचतपत्रको साँवा, ब्याज भुक्तानी लिने वा धितो राखी कर्जा उपभोग गर्ने वा बचतपत्र बिक्री गरी रकम लिने वा भुक्तानी मिति पछि साँवा भुक्तानी लिने प्रयोजनका लागि कुनै व्यक्तिलाई इच्छाउने भएमा इच्छाएको व्यक्तिको नाम थर, ठेगाना खुल्ने कागजात र नागरिकताको प्रतिलिपि ।

७.७ बिक्री एजेण्टहरुबाट प्राप्त हुने आवेदन फारममा आवेदनकर्ताको दस्तखत अनिवार्य रुपमा हुनु पर्नेछ ।

७.८ बचतपत्र खरीदकर्ताले आवेदन फारममा खरिद गर्न चाहेको रकम, पत्राचारको लागि ठेगाना, टेलिफोन नम्बर, परिचय खुल्ने कागजात वा राहदानी नम्बर स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

## ८. आवेदन गर्ने स्थान र एजेन्सी

बचतपत्र खरीद गर्न चाहने व्यक्तिले विभागबाट इजाजतपत्र प्राप्त बिक्री एजेण्टका स्वदेश वा विदेश स्थित कार्यालयसमक्ष आवेदन पेश गर्न सक्नेछन् । बचतपत्र खरीदकर्ताहरुलाई बिक्री एजेण्टहरुको स्वदेश वा विदेशस्थित कार्यालयमार्फत बचतपत्र खरीद गर्दा अतिरिक्त शुल्क लाग्ने छैन ।

## ९. कमिसनसम्बन्धी व्यवस्था

९.१ बचतपत्र बिक्री गर्ने निकाय (इजाजतपत्रप्राप्त बिक्री एजेण्टहरु) लाई पारिश्रमिकवापत् कुल बचतपत्र बिक्री रकमको शून्य दशमलव पैसठ्ठी प्रतिशतका दरले नेपाली रुपैयाँमा कमिसन प्रदान गरिने छ ।

९.२ बचतपत्रको ब्याज भुक्तानी गर्ने निकाय (इजाजतपत्रप्राप्त बजार निर्माताहरु) लाई ब्याज भुक्तानी गरेको रकमको शून्य दशमलव पच्चिस प्रतिशतले कमिशन प्रदान गरिनेछ ।

९.३ बचतपत्रको साँवा भुक्तानी गर्ने निकाय (इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु) लाई साँवा भुक्तानी गरेको रकमको शून्य दशमलव पन्ध्र प्रतिशतले कमिशन प्रदान गरिनेछ ।

९.४ माथि उल्लिखित कमिशन रकममा समय परिस्थितिअनुसार परिवर्तन गर्नुपर्ने अवस्था आएमा समितिको सिफारिशमा नेपाल सरकार, अर्थ मन्त्रालयले परिवर्तन गर्न सक्नेछ ।

९.५ माथि उल्लिखित कमिशन रकम बैंकले बिक्री एजेण्टलाई तुरुन्तै उपलब्ध गराउनेछ । नेपाल सरकारबाट उक्त रकम शोधभर्ना प्राप्त भएपछि बैंकले आवश्यक हिसाव मिलान गर्नेछ ।

## १०. विभागको काम, कर्तव्य र अधिकार

१०.१ बचतपत्रको विशेषता तथा फाइदाहरुको बारेमा प्रचार प्रसार गर्न एक जानकारी पुस्तिका तयार गरी आवश्यकतानुसार विभिन्न निकाय तथा व्यक्तिहरुलाई उपलब्ध गराउने ।

१०.२ सेवाग्राहीलाई सहज र सरल ढंगले सेवा पुगोस् भन्ने अभिप्रायले बचतपत्रसम्बन्धी जानकारी बैंकको वेबसाइटमार्फत् उपलब्ध गराउने ।

१०.३ बचतपत्रको प्राथमिक निष्काशनसम्बन्धी कार्य गर्न इच्छुक बिक्री एजेण्टहरुलाई इजाजतपत्र प्रदान गर्ने ।

१०.४ बचतपत्र बिक्री गरी प्राप्त भएको रकम नेपाल सरकारको सम्बन्धित खातामा जम्मा गर्ने र आवश्यक हिसाव मिलान गर्ने ।

१०.५ बचतपत्रको प्राथमिक निष्काशन गर्ने तथा साँवा/ब्याज भुक्तानी गर्ने संस्थालाई दिनुपर्ने दफा ९ बमोजिमको कमिसन रकम नेपाल सरकारसँग माग गर्ने ।

१०.६ भुक्तानी मितिमा बचतपत्रको साँवा र अर्धवार्षिक रुपमा प्रदान गर्नुपर्ने ब्याज रकम नेपाल सरकारसँग माग गर्ने ।

१०.७ वैदेशिक रोजगार बचतपत्रको निष्काशन तथा बिक्री वितरणसम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

१०.८. विदेशस्थित नेपाली कुटनैतिक नियोगहरुलाई बचतपत्र निष्काशनसम्बन्धी सूचना उपलब्ध गराउने ।

## ११. विदेशस्थित नेपाली कुटनैतिक नियोगको भूमिका

११.१ बचतपत्रको विशेषता तथा फाइदाहरुको बारेमा सम्बन्धित मुलुकमा कार्यरत नेपाली नागरिकहरु तथा गैर-आवासीय नेपालीहरुका बीच व्यापक प्रचार प्रसार गर्ने ।

११.२ नेपाल सरकारको परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली दूतावासहरु वा अवैतनिक महावाणिज्य दूतहरुले बचतपत्र निष्काशनको लागि सम्बन्धित मुलुकका विभिन्न निकायहरुसँग लिनु पर्ने विविध सहयोगको लागि पत्राचार लगायतका कार्यहरु र बचतपत्र बिक्री एजेण्टहरुलाई सम्बन्धित मुलुकमा सो कार्य गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

## १२. बिक्री एजेन्टहरुको कार्य

१२.१ निर्धारित शर्तको अधीनमा रही बचतपत्र बिक्री वितरण गर्ने ।

१२.२ खरीदकर्ताको आवश्यक विवरण प्राप्त गरी बिक्री एजेन्टले नेपालबाटै उल्लिखित मुलुकमा कार्यरत आवेदनकर्तालाई नियमानुसार यो बचतपत्र बिक्री गर्न सक्ने ।

१२.३ खरीदकर्ताले खरीद गर्न चाहेको बचतपत्रको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको हो भन्ने व्यहोराको प्रमाणित पत्र बिक्री एजेण्टले उपलब्ध गराउनु पर्ने ।

१२.४ बचतपत्र बिक्रीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न (जस्तै Online Application Submission, Online Amount Transfer आदिका लागि) आवश्यक पर्ने Computer Software लगायतका Technological Infrastructure को व्यवस्था मिलाउने ।

१२.५ प्रत्येक दिन बिक्री गरेको बचतपत्रको विवरण निर्धारित ढाँचामा छिटो साधनद्वारा विभागमा पठाउने ।

१२.६ दश लाख रुपैयाँ बराबरको बचतपत्र बिक्री भए पछि मात्र एकमुष्ट रुपमा बैंकको सम्बन्धित बचतपत्र खातामा जम्मा हुने गरी रकम रकमान्तर गर्ने । तर बचतपत्र बिक्री अवधि समाप्त भएपछि सोही अवधिसम्ममा संकलन भई पठाउन बाँकी रहेको सम्पूर्ण रकम बिक्री अवधि समाप्त भएको दिनको भोलिपल्ट (सार्वजनिक विदा परेमा कार्यालय खोलेको दिन) नै अनिवार्य रुपमा बैंकमा रकमान्तर गर्ने ।

१२.७ बिक्री एजेण्टले आवेदनकर्ताबाट बुझिलिएको आवेदन फारममा बिक्री एजेण्टको आधिकारिक व्यक्तिको दस्तखत गरी कार्यालयको छाप समेत लगाउनु पर्ने ।

१२.८ विभागबाट प्राप्त बचतपत्रको प्रमाणपत्र बचतपत्र खरीदकर्तालाई उपलब्ध गराउने ।

## १३. व्याख्या गर्ने अधिकार

यो कार्यविधिमा कुनै द्विविधा वा अस्पष्टता भएमा नेपाल सरकार, अर्थ मन्त्रालयले व्याख्या गर्नेछ । यसरी गरिएको व्याख्या नै वैदेशिक रोजगार बचतपत्र जारी गर्ने प्रयोजनका लागि अन्तिम हुनेछ ।

## १४. खारेजी र बचाउ

१४.१ वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि, २०६७ खारेज गरिएको छ ।

१४.२ उक्त कार्यविधिबमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।